भागेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

भाग-२

## लैंगिक समानता तथा सामाजिक समाबेशीकरण मूलप्रवाहिकरण रणनीति, २०७९

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७९।०३।०४**

## १.पृष्ठभूमि

नेपालको वर्तमान संविधान, २०७२ को प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता र अनेकताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवद्र्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ ।

नेपालको संविधानको धारा १८ ले पनि समानता र कानुनको समान संरक्षणको सुनिश्चितता गरेको छ जसमा मौलिक हकको रुपमा महिलाको हक, बालबालिकाको हक, दलितको हक लगायत ज्येष्ठ नागरिकको हकलाई समेत स्विकार गरेको छ भने धारा ४२ को सामाजिक न्यायको हक अन्तरगत आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछाडी परेका लैगिंक तथा यौनिक अल्पसंख्यक नागरिकलाई सामानुपातिक समावेशीकरणको सिद्धान्तको आधाारमा राज्यका निकायमा सहभागिताको हक सुनिश्चित गरेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा छ । सोही ऐनको दफा २४ ले पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका स्थानीय तहको विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा ब्यवस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने उल्लेख गरेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको सामाजिक समावेशीकरण नीति २०७६ ले विभेद रहित, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि सबै वर्ग, जातजाति, लिंग तथा क्षेत्रको समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिका सहित समाजिक समावेशीकरण मार्फत सबैले आत्मसम्मान बोध हुने वातावरण निर्माण गर्न सबै तह, क्षेत्र तथा संरचनाहरुमा मूलप्रवाहीकरणको माध्यमबाट समावेशी शासन पद्धतिलाई संस्थागत गर्ने उद्देश्य लिएको छ । साथै उक्त नीतिले स्थानीय तहसम्म सामाजिक समावेशीकरण नीति कार्यान्वयन सम्बन्धी समितिको व्यवस्था समेत गरेको छ ।

यस सन्दर्भमा भागेश्वर गाउँपालिकाले आफ्ना नीति, कार्यक्रम, संरचना र काम कारवाहीलाई लैङ्गिकमैत्री तथा समावेशी गाउँपालिका बनाउने परिकल्पना अनुरुप समुदायमा पछाडी पारिएका वा परेका महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडितहरुलाई गाउँपालिकावाट गठन तथा सञ्चालन हुने समिति,संरचनामा समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिका सहित लैङ्गिक समानता र सामाजिक समावेशीकरण मार्फत सबैले आत्मसम्मान वोध गर्ने वातावरण निर्माण गर्न र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले “भागेश्वर गाउँपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण नीति, २०७९ तर्जुमा गरिएको छ ।

## २. गाउँपालिकाको संक्षिप्त परिचय :

भागेश्वर गाउँपालिका नेपालको संबिधान अनुसार गठन भएको ७५३ स्थानीय तह मध्ये सुदुर पश्चिम प्रदेशको डडेल्धुरा जिल्लामा रहेको गाउँपालिका हो । डडेल्धुरा जिल्लाको साबिक बगरकोट, भागेश्वर र रुपाल गा.बि .स . लाई मिलाएर बर्तमान भागेश्वर गाउपालिकाको स्थापना २०७३ फागुन २८ गते भएको हो । अस्थाई केन्द्र बगरकोट रहेको यस गाउँपालिकाको नामाकरण यस क्षेत्रकै प्रशिद्ध मन्दिर "भागेश्वर" को नामबाट गरिएको छ ।

**भौगोलिक अवस्थितिः** यस गाउँपालिकाको सिमाना पूर्वमा अमरगढी नगरपालिका, पश्चिममा महाकाली नदी, उत्तरमा शिवनाथ गाउँपालिका,अजयमेरु गाउँपालिका र मेलौली नगरपालिका तथा दक्षिणमा आलिताल गाउँपालिका र परशुराम नगरपालिका रहेको छ । यो गाउँपालिका डडेल्धुरा जिल्लाको सदरमुकाम अमरगढी देखी १४ कि.मि दुरीमा पर्दछ । भागेश्वर गाउँपालिकामा जम्मा ५ वटा वडाहरु रहेका छन् । यो गाउँपालिका २३३.३८ बर्ग किमी क्षेत्रफलमा फैलिएको छ । यस गाउँपालिकाको भूगोल भिरालो र भित्रि मधेश तथा चुरे पहाडको बनौटमा रहेको छ ।

**जनसंख्याः** यो गाउँपालिकामा जम्मा ५ ओटा वडा रहेका छन् भने गाउँपालिकाको कुल जनसंख्या १४,१२९ रहेको छ । २०६८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या, घरधुरी, महिला र पुरुषको विवरण देहायबमोजिम रको छ ।

| वडा नं | घरधुरी संख्या | जनसंख्या | | |
|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला |
| १ | ५०६ | ३,२९२ | १,५७४ | १,७१८ |
| २ | ३४० | २,००१ | ९३० | १,०७१ |
| ३ | ६८२ | ३,७१७ | १,७३३ | १,९८४ |
| ४ | ६१७ | ३,२७१ | १,६२२ | १,६४९ |
| ५ | ३१७ | १,८४८ | ८६९ | ९७९ |
| **कूल जम्मा** | **२,४६२** | **१४,१२९** | **६,७२८** | **७,४०१** |

**राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक तथ्याङ्क अनुसार भागेश्वर गाउँपालिकाको कूल जनसंख्या १३११२, जसमध्ये महिला ६८२२ र पुरुष ६२९० रहेका छन् ।**

## ३. विगतका व्यवस्था प्रयास र वर्तमान स्थिति

मुलुक संघीयता पछि स्थानीय सरकार संचालन ऐन, २०७४ लागु भई सके पछि सामाजिक विकास तर्फको वजेट वाट लक्षित वर्ग भनि महिला, दलित, जनजातीका लागि वार्षिक रूपमा केही रकम विनियोजन गरी मागका आधारमा आयआर्जन तथा सीप विकास सम्वन्धी क्रियाकलापहरू संचालन, मर्यादित छुई (महिनावारी) वर्ष अभियान संचालन गरिएको छ। त्यसका साथै विद्यालय स्तरका किशोरीहरूका लागि महिनावारी भएको वेला विद्यालयमा नियमित उपस्थितिका लागि स्यानीटरी प्याड वितरण गर्ने अभियान संचालनमा ल्याएको थियो।

हाल लक्षित वर्गहरूकालागि लै.स.सा.स.का दृष्टिकोणले विनियोजन भएको वजेट परिचालन गरी सीप विकास, नेतृत्व विकास, क्षमता विकास गर्न अवस्यक नीति तथा नियमावली र कार्यविधि परिमार्जन गरी विभिन्न विषयगत शाखा वाट संचालन हुने कार्यक्रमहरू पनि गरिव विपन्न तथा सिमान्तकृत समुदाय उन्मुख कार्यक्रमहरू कार्यान्वयन गरिएको ।

## ४. लैससास सम्वन्धमा देखिएको प्रमुख सवाल तथा मुद्दाहरू नक्साकंन

- सामाजिक परम्परा र धार्मिक संस्कारका कारण अन्धविश्वास र सामाजिक रूपमा हानी पुर्याउने परम्परा कायमै रहनु ।
- योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता हुन नसक्नु ।
- गरिवी अशिक्षा, वेरोजगारी र जातीय विभेद कायम रहनु
- कानुनी उपचारमा लक्षित वर्गको चेतना र पहुंच नहुनु ।
- पश्चिमा संस्कृतिको नक्कलका कारण नैतिक शिक्षामा ह्रासका साथै पारिवारिक र सामाजिक संस्कार क्षीण हुदै जानु ।
- पितृ सत्तात्मक सोच र लागु पदार्थ दुर्व्यसनी आदिका कारण लैगिक हिंसा र घरेलु हिंसा कम हून नसक्नु
- बालविवाह, वहुविवाह र बालश्रम (हानिकारक परम्परागत अभ्यास जस्तै छाउपडी लैगिंक विभेद)

- समिति एवं संरचनाहरुमा लै.स.सा.स. मैत्री व्यवहार न्युन
- लै.स.सा.स. सम्वन्धी विषयवस्तुको वुझाईमा एकरूपता नुहुनु ।

## ५. लैससास कार्यान्वयनका लागि भागेश्वर गाउँपालिकाका सरोकारवालाहरु

- न्यायिक समिति
- स्थानीय मेलमिलापकर्ता
- कार्यपालिका (स्थानीय सरकार)
- विषयगत शाखा
- प्रहरी चौकी (स्थानीय प्रशासन)
- वडा कार्यालय
- पालिका स्तरीय अपाङ्गता समन्वय समिति
- जनजाती वर्ग उत्थान समन्वय समिति
- दलित वर्ग उत्थान समिति
- नागरिक समाजका संस्थाहरू
- गैर सरकारी संस्थाहरू
- विद्यालय
- पत्रकार
- टोल विकास संस्था
- आमा समूह
- उपभोक्ता समूह
- बालक्लव
- युवा क्लव
- किशोर किशोरी समूह
- महिला संजाल
- सहकारी, समूह र सामुदायिक वन उपभोक्ता समिति
- सामुदायिक सिकाइ केन्द्र
- स्वास्थ्य संस्थाहरु
- जुनियर रेडक्रस
- राजनीतिक दल

## ६.लैससास सम्वन्धमा देखिएको प्रमुख समस्या,चुनौती अवसर(SWOT Analysis)

भागेश्वर गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण क्षेत्रमा सकारात्मक अभ्यासहरु तथा कमजोर पक्षहरु, अवसर र चुनौतीहरू पहिँचान तथा बिश्लेषण गरी सुधार गर्नुपर्ने पक्षहरुलाई रणनीतिक कार्ययोजनामा समाबेश गरेको छ । त्यसैगरी लैससास क्षेत्रमा यस गाउँपालिकाले अवलम्बन गर्न सक्ने अवसरहरुलाई स्थानीयकरण गर्दै चुनौतीहरुको सामना गर्न यस रणनीतिक योजनाले निर्देशित गर्नेछ ।

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| • नीति तथा कार्यविधि (अपागंता तथा जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि)<br>• सुनौला हजार दिनका आमा तथा शिशुहरूकोलागि पोषण प्याकेज कार्यक्रम संचालन ।<br>• छाउपडी कुप्रथा विरूद्धको सचेतनामुलक अभियान संचालन।<br>• जिविकोपार्जन तर्फ महिला कृषक समुहमा घरवारी व्यवस्थापन लगायतका आयमुलक कार्यक्रम संचालन।<br>• उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाको सहभागिताका साथै प्रमुख ३ पद मध्ये कम्तिमा एक पदमा महिलाको अनिवार्य सहभागिता<br>• लक्षित वर्गहरुको लागि वजेट विनियोजन ( महिला, दलित, अपागंता भएका व्यक्ति, बालवालिका र जेष्ठ नागरिक )<br>• वार्षिक नीति कार्यक्रममा लै.स.सा.स लाई महत्वका साथ समावेश गरिएको<br>• विभिन्न विषयगत समितिहरु गठन<br>• मनोसामाजिक परामर्श सम्वन्धी कार्यक्रमहरू संचालन<br>• विद्यालय भेण्डिङ मेसिन र इन्सिनेटर सहित सेनिटरी प्याड वितरण<br>• सुत्केरी संग अध्यक्षको कोशेली कार्यक्रम संचालन<br>• विद्यालय स्तरका किशोरीहरूका लागि प्रजनन | • योजना तर्जुमा प्रक्रियाको लागि लक्षितवर्गको अर्थपुर्ण सहभागिता गराउनु पर्ने<br>• लक्षित वर्गको लागि छुट्याइने वजेटको अंश वढाउनु पर्ने ।<br>• लक्षित वर्गको वास्तविक आवस्यकता र मागमा आधारित कार्यक्रमहरू संचालन गर्ने ।<br>• भौतिक संरचना निर्माण गर्दा पूर्ण रूपमा लै.स.सा.स मैत्री वनाउनु पर्ने<br>• सवै सार्वजनिक स्थलहरूमा सम्भव भए सम्म स्तनपान कक्ष, अपागंता र बालमैत्री खानेपानी, शौचालय वाटो निर्माण गरिनु पर्ने<br>• सामाजिक विकास समितको सक्रियता वढाउनु पर्ने<br>• लक्षितवर्गका तालिम प्राप्त व्यक्तिहरूलाई उध्यमशिलता विकासका लागि वीउं पूजी सहयोग गर्ने ।<br>• स्थानीय परम्परागत सीप र प्रविधिहरूको संरक्षण प्रवर्धन र विकास गर्नु पर्ने ।<br>• समावेशीताको प्रतिशत ४० प्रतिशत पुर्याउने ।<br>• आवाज विहिनको आवाज सुन्नकालागि टोल विकास संस्थाहरूलाई सशक्त वनाउने ।<br>• जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गर्नु पर्ने। |

| स्वास्थ्य, महिनावारी सरसफाइ पोषण कार्यक्रम संचालन | |
|---|---|
| **अवसर** | **चुनौती तथा वाधा** |
| • लै.स.सा.स संग काम गर्ने राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरुको सहयोग ।<br>• लैगिंक हिंसा राहत कोष स्थापना गर्नका लागि संघीय सरकारको सहयोग<br>• स्थानीय तहले आवश्यकताका आधारमा नीति, नियम, कानून, कार्यविधि, रणनीति बनाउन सक्ने संवैधानिक व्यवस्था<br>• विभिन्न संघ संस्थाहरुले लक्षित वर्गका लागि सहयोग पुग्ने कार्यक्रम संचालनमा ल्याउनु | • लक्षित वर्गका कार्यक्रम संचालनका लागि प्रयाप्त वजेट नहुनु ।<br>• भौगोलिक विकटताका कारण लै.स.सा.स. मैत्री कार्यक्रमहरू संचालनमा कठिनाई ।<br>• भौतिक विकासको दाँजोमा सामाजिक विकास( नीति, नियम, कानून, कार्यविधि र रणनीति ) कम प्राथामिकतामा रहनु ।<br>• नीतिगत विकासका कामहरु लाभान्वित वर्गको प्राथमिकतामा नपर्नु<br>• निर्माण भएका नीति  तथा कानुनहरू पूर्णरूपमा कार्यान्वयनमा नहुनु ।<br>• पालिकाको आन्तरिक श्रोत कम हुनुका कारण संघ र प्रदेश सरकारमा आश्रित हुनु । |

## ७. भागेश्वर  गाउँपालिकाको लैससास नीति तर्जुमाको आवश्यकता तथा महत्व

गाउँपालिका अन्तरगतका लक्षित बर्ग तथा समुदाय (महिला, लैङ्गिक तथा यौनिक अल्पसँख्यक,अपाङ्गता भएका ब्यक्ति, दलित, जनजाती ) तथा, पछाडी पारेका वा बहिष्करणमा परेका समुदायका व्यक्तिहरुको स्थानीयतहको सेवा प्रवाह नीति तथा कार्यक्रमहरुमा अर्थपूर्ण सहभागिता गराउने ।

## ८.दिर्घकालीन सोचः

समावेशी र समतामूलक विकासको पुर्वाधार : समृद्ध र सुखी समाज निर्माणको आधार

## ९.लक्ष्यः

लैगिंक समानता, सामाजिक समावेशिता, संस्थागत विकास, लक्षितवर्ग मैत्री पुर्वाधार निर्माण र नीतिको प्रभावकारी कार्यान्वयन गरी समृद्ध र सुखी समाजको निर्माण गर्ने ।

## १०.उदेश्यः

- पालिकावाट निर्माण गरिने नीति तथा कानुनहरु लै.स.सा.स.उत्तरदायी वनाई संचालनमा ल्याउने ।
- पालिका तथा समुदाय स्तरमा लै.स.सा.स. मैत्री विकासका पुर्वाधारहरु वनाउनु।
- लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायि बजेट कार्यान्वयनमा आएको हुनेछ ।

- विकासका विभिन्न आयामहरूमा लक्षित वर्गको पहुंच अभिवृधिका लागि सशक्तिकरण तथा सहभागितामा जोड दिने।

## ११ लैससास नीतिका अपेक्षित उपलब्धिहरु

- भागेश्वर गाउँपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण संस्थागत भएको हुनेछ ।
- लैससास मूलप्रवाहिकरण सम्बन्धी स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला प्रतिनिधिहरू अभिमुखिकरण भएको हुनेछ।
- लैससास मूलप्रवाहिकरण रणनीति कार्यान्वयनका लागि बार्षिक बजेट विनियोजन भई बार्षिक कार्यक्रम कार्यान्वयन भएको हुने ।
- स्थानीय सरकारको संस्थागत संरचना, शासन व्यवस्था एवं प्रक्रिया र कार्यक्रमहरूमा महिला तथा पछाडि परेका वर्ग समुदायहरूको सक्रिय तथा अर्थपूर्ण सहभागिता गराईएको हुनेछ
- पालिका भरीमा लैङ्गिक तथा सामाजिक विभेद र बहिष्करण न्युनिकरण भएको हुनेछ ।

# १२.गाउँपालिकाको लैससास रणनीतिमा ब्यबस्था गरिएको प्रमुख नीति रणनिति तथा कार्यनीतिः

| बिषय क्षेत्र | उधेश्य | नीति | रणनिति | कार्यनीति |
|---|---|---|---|---|
| नीति, कानून, योजना | • पालिकाको निर्माण हुने नीति तथा कानुनहरु लै.स.सा.स.उत्तरदायी वनाउनु । | • लै.स.सा.स.लाई संस्थागत गर्ने | • विद्यमान नीतिहरुको समिक्षा गरी आवस्यकता अनुसार थप नीति निर्माण र संशोधन | • बजेटको ब्यबस्थापन<br>• लै.स.सा.स. नीति कार्यान्वयन समिति गठन<br>• नीति समिक्षा गोष्ठि आयोजना गर्ने<br>• नीतिको मस्यौदा तयार गरी कार्यपालिकामा पेश र अनुमोदन गर्ने । |
| संस्थागत व्यवस्था | • पालिकाका हरेक भौतिक संरचनाहरु लै.स.सा.स. मैत्री वनाउनु। | • महिला मैत्री, अपाङ्गता मैत्री (लक्षित बर्गमैत्री) भौतिक संरचना निर्माण हुने<br>• संगठनात्मक संरचनाहरु लै.स.सा.स.मैत्री हुने | • विद्यमान संरचनाहरुको विषयमा छलफल चलाउने<br>• आवस्यकता अनुसार थप संरचना निर्माण<br>• लै.स.सा.स.मैत्री संरचना निर्माण सम्वन्धी आचार संहिता | • भौतिक परीक्षण गर्ने<br>• आबस्यकताका आधारमा निश्चित मापदण्ड पुरा गरी संरचना निर्माण गर्ने<br>• प्राविधिकहरु तथा अनुगमन सुपरिवेक्षण समितिलाई लै.स.सा.स. र भवन निर्माण सहिंता सम्वन्धी तालिम संचालन गर्ने । |
| मानव संसाधन तथा क्षमता विकास | • लै.स.सा.स. सम्वन्धी पालिकास्तरीय र समुदाय स्तरीय क्षमता विकासको येजना निर्माण गर्ने | • पालिकामा क्षमतावान दक्षजनशक्तिको व्यवस्थापन गर्ने | • विद्यमान समिति तथा विभागहरुहरु लाई लै.स.सा.स.को दृष्टिकोणवाट पुनरावलोकन<br>• आवस्यकता अनुसार समिति तथा विभागहरु गठन | • विध्यमान समिति तथा विभागहरुलाई सक्रिय गराउने ।<br>• लै.स.सा.स. सम्वन्धी क्षमता विकास तालिम संचालन गर्ने ।<br>• विभिन्न उपभोक्ता समितिहरुलाई समावेशी वनाउने र उनीहरुको क्षमता विकास गर्ने । |
| सेवा प्रवाह | • लक्षित वर्गको पहिचान गरी मागमा आधारित नीति तथा | • पालिका भित्र वा समुदाय स्तरमा विभेद रहित | • महिला मैत्री, अपाङ्गता मैत्री (लक्षित समूह) भौतिक संरचना | • विद्यमान संरचनाहरुको पुनरावलोकन<br>• आवस्यकता अनुसार थप संरचना निर्माण |

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रम संचालनमा ल्याउने | लै.स.सा.स. सेवा प्रवाह गर्ने । | निर्माण हुने<br>• संगठनात्मक संरचनाहरु लै.स.सा.स.मैत्री हुने । | • लै.स.सा.स.मैत्री संरचना निर्माण सम्वन्धी आचार संहिता |
| सुशासन तथा उत्तरदायित्व | • लैङ्गिक उत्तरदायि र लैससासमैत्री कार्यप्रणाली वनाउने | • समिति तथा विभागहरु लै.स.सा.स.मैत्री वनाउने | • विद्यमान समिति तथा विभागहरुहरु लाई लै.स.सा.स.को आखावाट पुनरावलोकन<br>• आवस्यकता अनुसार समिति तथा विभागहरु गठन | • विद्यमान समिति तथा विभागहरुलाई लै.स.सा.स. सम्वन्धी लेखाजोखा गर्ने<br>• लै.स.सा.स. सम्वन्धी क्षमता विकास तालिम संचालन गर्ने ।<br>• विभिन्न उपभोक्ता समितिहरुलाई समावेशी वनाउने र उनीहरुको क्षमता विकास गर्ने । |
| सहकार्य र समन्वय | • स्थानीय सरकारले निर्माण गर्ने नीति तथा कानुनहरू एक अर्कामा नवाझिने गरी निर्माण गरिने । | • लै.स.सा.स. नीतिमा राखिएका वुदाहरू सम्वोधन हुने | • लै.स.सा.स. नीति कार्यान्वयन गर्दा संघ र प्रदेशका कानुनहरूको पनि पुनरावलोकन गरी कार्यान्वयन गर्ने । | • लै.स.सा.स विकासका लागि विभिन्न सरोकारवाला निकायहरू बीच कार्यगत संयन्त्र निर्माण गर्ने<br>• लै.स.सा.स. कार्यान्वयनका लागि जनप्रतिनिधिहरूलाई अनुशिक्षण कार्यक्रम आयोजना |
| अनुगमन र मुल्याङ्कन | • स्थानीय तहबाट संचालित कार्यक्रम तथा परियोजनाबाट सबै लक्षित वर्ग तथा समुदायले लाभ लिन सहज वनाउने । | • लक्षित वर्गका लागि लक्षित कार्यक्रमहरू प्रभावकारी कार्यान्वयन हुने। | • स्थानीय तहबाट संचालित कार्यक्रम तथा परियोजनाबाट सबै लक्षित वर्गको प्रत्यक्ष लाभ लिने व्यवस्था मिलाउने । | • लक्षित वर्ग उन्मुख कार्यक्रमहरू उनीहरूको सहभागितामा निर्माण गर्ने ।<br>• लै.स.सा.स. मैत्री क्रियाकलापहरू संचालनका क्रममा सरोकारवालाहरूको अवस्यक सुझाव सल्लाहहरू लिने |

## ३.नीति कार्यान्वयनमा आउने सम्भावित जोखिम न्यूनीकरण

| **क्र.सं.** | **सम्भावित जोखिम** | **जोखिम न्युनिकरणका उपायहरू** |
|---|---|---|
| १ | स्थानीय तहबाट पर्याप्त वजेट विनियोजनको समस्या | वाह्य श्रोतको खोजी गरी जिम्मेवारी वाडफाड गर्ने |
| २ | लै.स.सा.स. समितिको कानुनी वैधता | कार्यपालिका वाट निर्णय गरी लै.स.सा.स. समितिलाइ वैधता दिने । |
| ३ | लै.स.सा.स. सिमान्तकृत वर्गको खण्डिकृत | योजना तर्जुमा तथा अनुगमन पद्धतिलाई |

| | | |
|---|---|---|
| | तथ्याङ्कको अभिलेखिकरण तथा अद्यावधिक हुन नसक्नु | तथ्याङ्कमा आधारित वनाउने र पालिकाको पाश्र्वचित्रमा सम्वन्धित तथ्याङ्क अद्यावधि गर्ने |
| ४ | लैससासको विषय बारेमा समान बुझाईको अभाव हुनु तथा स्थानिय तहको प्राथमिकतामा नपर्नु । | निर्वाचित जनप्रतिनिधिहरुलाई लै.स.सा.स. नीतिको वारेमा अभिमुखीकरण गरी नीति कार्यान्वयन गर्ने । |

## १४.अपेक्षीत उपलब्धीः

- लक्षित वर्गलाइ गाउँपालिकाको हरेक निति तथा कार्यक्रममा सक्रिय सहभागिता रहेको हुनेछ ।
- पालिकाको वार्षिक वजेट लै.स.सा.स. उन्मुख विनियोजन भएको हुनेछ ।
- लै.स.सा.स. मैत्री कार्यक्रहरू कार्यान्वयनमा सम्पूर्ण लक्षित वर्ग सहभागितालाइ गराएको हुनेछ ।
- भागेश्वर पालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण संस्थागत भएको हुनेछ ।
- लैससास मूलप्रवाहिकरण सम्बन्धी जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला प्रतिनिधिहरू लाई अभिमुखिकरण भएको हुनेछ।
- स्थानीय सरकारको संस्थागत संरचना, शासन व्यवस्था एवं प्रक्रिया र कार्यक्रमहरूमा महिला तथा पछाडि परेका वर्ग समुदायहरूको सक्रिय तथा अर्थपूर्ण सहभागिता बृद्धि भई लैङ्गिक तथा सामाजिक विभेद र बहिष्करणक अन्त्य भएको हुनेछ ।

## १५. गाउँपिलकाको लै.स.सा.स. कार्यान्वयनका लागि कार्ययोजना

| **लैससास नीति कार्यानवयन को लागि कार्ययोजना**<br>**कार्यनीति कृयाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय तथा सरोकारवालाहरु** | **आर्थिक श्रोतको परिचालन** | **समय सिमा** |
|---|---|---|---|---|
| कार्य स्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण) आचार संहिता लागु गर्ने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | नीति स्विकृत भएको मितले १ महिना भित्र |
| लक्षितबर्गलाई ऐन नियम तथा परिवर्तित कानूनहरुको बारेमा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | नीति स्विकृत भएको मितले ३ महिना भित्र |
| लक्षित बर्गलाई योजना तथा सहभागिताको महत्वको बारेमा अभिमुखीकरण कार्यक्रमको आयोजना गर्ने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | नीति स्विकृत भएको मितले ६ महिना भित्र |
| गाउँपालिका भित्रका सवै सार्वजनिक संस्थाहरुमा स्तनपान कक्ष निर्माण | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | नीति स्विकृत भएको मितले १२ महिना भित्र |
| भौतिक संरचना निर्माण गर्दा लक्षित बर्ग मैत्री वनाउने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| लैङ्गिक सम्पर्क व्यक्तिलाई हरेक योजना तर्जुमा गर्दा अनिवार्य रूपमा निर्णयक भूमिकामा राख्ने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | निरन्तर |
| सामुहिक खानेपानीको ब्यबस्था को लागि बजेट बिनियोजन गर्ने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | प्रत्येक वर्षको येजना तर्जुमा प्रक्रियाको वेला |
| बिपन्न र दलित बर्गका छोरीहरुलाई पोशाक र कपि कलमकोलागि बजेट बिनियोजन गर्ने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | प्रत्येक वर्षको येजना तर्जुमा प्रक्रियाको वेला |
| स्थानीय श्रोत साधनको पहिचान गरि महिलाहरुलाई उद्ध्यमी उत्पादन गर्ने तालिमको ब्यबस्था गर्ने<br>पुर्बाधारका काम गर्दा महिलालाई प्रथामिकता दिने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | निरन्तर |
| मदिरा नियन्त्रण, लागु औषध दुर्व्यसन न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रम संचालन गर्ने | वडा कार्यालय | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | निरन्तर |
| जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापनाका लागि स्थान छनौट गर्ने | गाउँपालिका | विभिन्न संघसंस्था र गाउँपालिका | लागत साझेदारी र गैससं वाट प्राप्त अनुदान | निरन्तर |
| महिलाको कार्यवोझ न्यूनीकरणका लागि कार्यक्रम संचालन गर्ने | गाउँपालिका | विभिन्न संघसंस्था र गाउँपालिका | गाउँपालिका | निरन्तर |

## १६.लैससास कार्यान्वयन समिति

गाउँपालिकास्तरीय लैससास कार्यान्वयन तथा अनुगमन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ।

| | |
|---|---|
| १) गाउँपालिकाका अध्यक्ष | संयोजक |
| २) गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| ३) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ४) सामाजिक बिकास समिति संयोजक | सदस्य |
| ५) पालिकास्तरीय लक्षित समूह सञ्जालबाट गाउँपालिका अध्यक्षले तोकेको कम्तीमा एक महिला सहित २ जना प्रतिनिधी | सदस्य |
| ६) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | सदस्य सचिव |

**<u>आज्ञाले</u>**

खगेन्द्र भारती

प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका